## बैठक नं. ४७ -२०७५ फाल्गुन २९ गतेको बैठकको निर्णय प्रतिलिपि

निर्णय नं. १ शिक्षा तर्फको कार्यक्रम बाँडफाँड

सुन्दरबजार नगरपालिकाका लागि आ.व. ०७५/०७६ मा शिक्षा तर्फका देहाय बमोजिमका कार्यक्रमहरु देहाय बमोजिमका विद्यालयमा संचालन गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रमको नाम | वजेट | संचालन गरिने विद्यालय | |
|---|---|---|---|---|
| १ | पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण | १४ लाख | श्री सर्वोदय मा.वि., सु.न.पा.-३ | ७ लाख |
| | | | श्री भक्तिनमुना मा.वि., सु.न.पा.-९ | ७ लाख |
| २. | सुन्दरबजार नगरपालिका(विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर) | ३२ लाख | श्री आदर्श बाल मा.वि., सु.न.पा.-६ | |

निर्णय नं. १ शिक्षा तर्फ कक्षा अनुमति

सुन्दरबजार नगरपालिका स्थित देहाय बमोजिमका विद्यालयले देहाय बमोजिम कक्षा संचालनका लागि अनुमति माग गरे अनुसार विद्यालयमा खटिई आवश्यक निरीक्षण, सुपरीवेक्षण गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | हाल संचालन अनुमति प्राप्त गरेको कक्षा | संचालन अनुमति माग गरेको कक्षा |
|---|---|---|---|---|
| १ | फ्रेन्ड्स एकेडेमी | सुन्दरबजार-१०, धुसेनी | कक्षा ५ | कक्षा ६ |
| २ | भु.पू. लोटस विद्यालय | सुन्दरबजार -९ | कक्षा ४ | कक्षा ५ |

निर्णय नं. ३ आर्थिक सहायता वितरण

सुन्दरबजार नगरपालिकामा विभिन्न निवेदकहरुले आर्थिक सहायताका लागि पेश गरेको निवेदनका आधारमा निवेदकलाई उपलब्ध गराउन सकिने सहायता रकमका सम्बन्धमा यस नगरपालिकाको मिति २०७५/०५/१६ गतेको नगर कार्यपालिका बैठकको निर्णय नं. ७ अनुसार गठित समितिले पेश गरेको प्रस्ताव आजको बैठकमा व्यापक छलफल भयो। सो सम्बन्धमा देहाय बमोजिमका निवेदकलाई देहाय बमोजिम सहायता रकम उपलब्ध गराउने निर्णय गरियो।

| सि.नं. | निवेदकको नाम | ठेगाना | सहायता रकम(रु) |
|---|---|---|---|
| १ | कमल पाठक | सुन्दरबजार-२ | १५ हजार |
| २ | नर बहादुर घर्ती | सुन्दरबजार-३ | १० हजार |
| ३ | IPM, शिवकुमार पोखे्रल | सुन्दरबजार-७ | १० हजार |
| ४ | जिल्ला भलिबल संघ | लमजुङ | २५ हजार |
| ५ | राम जानकी मन्दिर | सुन्दरबजार-७ | १ लाख |
| ६ | भोटेवडार सेवा समाज | सुन्दरबजार-८ | २५ हजार |
| ७ | घाँटु परिवार | सुन्दरबजार-४ | २० हजार |

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८ | प्रथम भोटेवडार महोत्सव | सुन्दरबजार-९ | ५० हजार |
| ९ | समाज सेवा केन्द्र | सुन्दरबजार-५ | १० हजार |
| १० | तिलक स्मृति युवा क्लब | सुन्दरबजार-२ | १० हजार |
| ११ | सुन्दरबजार युवा क्लब | सुन्दरबजार-६ | ३० हजार |
| १२ | योगेन्द्र प्रसाद मिश्र | सुन्दरबजार-१ | १० हजार |
| १३ | बुद्ध युवा क्लब | सुन्दरबजार-९ | १० हजार |
| १४ | भगवती परियार | सुन्दरबजार-६ | १० हजार |
| १५ | अन्तरंग (नवराज पहाडी) | सुन्दरबजार | १५ हजार |
| १६ | नवीन सुनार | सुन्दरबजार-८ | १० हजार |
| १७ | विवा दुरा | सुन्दरबजार-३ | १० हजार |
| १८ | सिता परियार | सुन्दरबजार-८ | ५ हजार |
| १९ | पुन कुमार श्रेष्ठ | सुन्दरबजार-२ | १५ हजार |
| २० | रक्तदान कृषि क्याम्पस | सुन्दरबजार-७ | ५ हजार |
| २१ | मर्स्याङ्दी कराते | सुन्दरबजार-९ | २० हजार |
| २२ | हलो क्रान्ति | सुन्दरबजार-४ | ५ हजार |
| २३ | गुरुकुल आश्रम | सुन्दरबजार-४ | २० हजार |
| २४ | सुन्दरबजार नेवाखल | सुन्दरबजार-७ | २५ हजार |
| २५ | बद्री सेढाई | सुन्दरबजार-२ | १० हजार |
| २६ | राधिका घिमिरे | सुन्दरबजार-७ | ७ हजार |
| २७ | जीवन कुमाल | सुन्दरबजार-७ | १० हजार |
| २८ | फोर एच नेपाल | सुन्दरबजार-७, कृषि क्याम्पस | ७ हजार |
| २९ | श्रवण कुमार विष्ट (TSAN) | सुन्दरबजार-७, कृषि क्याम्पस | १० हजार |
| ३० | NYCA Lamjung Campus(जनचेतना मूलक कार्यक्रम | सुन्दरबजार-७, कृषि क्याम्पस | ५ हजार |
| ३१ | सामुदायिक वन उपभोक्ता महासंघ(हस्त बहादुर गुरुङ)९८४११४८२४६ | सुन्दरबजार | १२ हजार ८ सय |
| ३२ | IAAS (अन्जना ढकाल) | सुन्दरबजार-७, कृषि क्याम्पस | ५ हजार |
| ३३ | चन्द्र बहादुर वि.क. | सुन्दरबजार-२ | २५ हजार |

निर्णय नं. ४ कृषि तर्फको कार्यक्रम संशोधन

सुन्दरबजार नगरपालिकाको मिति २०७५/०७/१६ गतेको नगर कार्यपालिका बैठकको निर्णय नं. ६ अनुसार सुन्दरबजार नगरपालिका कृषि विकास शाखा परिसरमा मौषमी तथा वेमौषमी तरकारी प्रदर्शन तथा तरकारी विरुवा स्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम बमोजिम निर्माण समिति गठन गरी २ वटा टनेल निर्माण भएको र उक्त कार्यको लागि लाग्ने खर्च बापतको रकम नगरस्तरीय पूर्वाधार विकास कार्यक्रम शीर्षकबाट विनियोजन गर्ने गरी निर्णय भएकोमा आ.व. ०७५/०७६ का लागि कृषि तर्फ स्वीकृत कार्यक्रमको सि.नं. १० को एक गाँउ एक उत्पादन सहयोगमा विनियोजित वजेट रु ५०५०००।(रुपैया पाँच लाख पाँच हजार) को कार्यक्रम अन्तर्गत यस नगरपालिका वडा नं. ११, सिन्दुरेमा किवी खेती कार्यक्रम संचालन गर्ने निणय गरिएकोमा किवीको विरुवा फर्म केन्द्रमा पाउन नसकी

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रम संचालन गर्न नसकिने भएको हुनाले उक्त कार्यक्रमका लागि स्वीकृत बजेटबाट मौषमी तथा वेमौषमी तरकारी प्रदर्शन तथा तरकारी विरुवा स्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम बमोजिम २ वटा टनेल निर्माणका लागि भएको खर्च गर्ने र बचत हुन सक्ने रकम किवी खेतीका लागि संरचना तयार गर्नका लागि कृषकहरुलाई पेश्की स्वरूप रु १६५०००।-(रुपैया एक लाख उपलब्ध गराईएको गरेका यस नगरपालिका वडा नं. ११ का कृषकहरुलाई आगामी बर्ष कार्यक्रम संचालन गर्न सिंचाई पूर्वाधार विकास र पाईप वितरण तथा वर्षे पोखरी निर्माण कार्यका लागि खर्च गर्ने निर्णय गरियो।

निर्णय नं. ५ नगरपालिका कार्यालय भवन मर्मत सम्बन्धी

सुन्दरबजार नगरपालिकाको भवन मर्मत सुधारका लागि यस नगरपालिका र रेशम एण्ड गौली कन्स्ट्रक्सन बीच मिति २०७५ मंसिर ३ गते सम्झौता भई मिति कार्यादेश भएकोमा उक्त निर्माण कम्पनिले कार्यादेश बमोजिमको अन्तिम म्याद २०७५ फागुन ४ गते भित्र निर्माण सम्पन्न गर्न नसकिने वेहोरा दर्शाई यस कार्यालयमा म्याद थपका लागि निवेदन पेश गरेको विषयमा आजको बैठकमा व्यापक छलफल गरियो। त्यस सम्बन्धमा प्राविधिक प्रतिवेदन र राय अनुसार उक्त निर्माण सुधारको कार्यका लागि २०७६ बैशाख मसान्त सम्म म्याद थप गर्ने र सम्बन्धित निर्माण कम्पनिलाई लागत ईष्टिमेट अनुसारको काम यथासिघ्र सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ६ नगरपालिका अन्तर्गत सडकको मापदण्ड तथा नक्शा स्वीकृति

सुन्दरबजार नगरपालिका अन्तर्गतका सडकको मापदण्डका बिषयमा पाउदी बजार देखि कृषि क्याम्पस गेट सम्मको सडक र सिउडीबार देखि कृषि क्याम्पस गेट हुँदै खत्रीठाँटी थाक्ले चौतारा सम्मको सडकका सम्बन्धमा सडकको केन्द्रविन्दुबाट १०/१० मिटर गरी कुल २० मिटर हुने गरी सडक मापदण्ड कायम गर्ने गरी मिति २०७४ चैत्र २८ गतेको नगर कार्यपालिकाको बैठकले निर्णयले गरे बमोजिमको व्यवस्था यथावत राखी कार्यान्वयन गर्ने र नगर सभाबाट अनुमोदन गराउने र अन्य सडकको हकमा मापदण्ड कायम गरी कार्यान्वयन गर्ने र Building By laws र MTMP यथासिघ्र तयार गरी लागू गर्ने निर्णय गरियो।

निर्णय नं. ७ मिलन वाल बिकास केन्द्रमा शौचालय निर्माण

सुन्दरबजार नगरपालिका -६ स्थित मिलन वाल बिकास केन्द्र र नगरपालिकाका लागि आवश्यक रहेको शौचालय निर्माणका लागि बालबालिका एवं महिला मैत्री हुने गरी लागत ईष्टिमेट तयार गरी यथासिघ्र निर्माण गर्ने र सो को लागि आवश्यक वजेट नगर स्तरीय पूर्वाधार विकास कार्यक्रमबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ८ सालिमर्याङ-क्याम्पस गेट सडक पीच योजनाबाट बचेको रकमले सोही सडकमा नाला सफाई गर्ने

सुन्दरबजार नगरपालिका र बि.डि.बि.- अकलादेवी जे.भी. बीच मिति २०७५/०३/०६ गते सम्झौता भई यस नगरपालिका वडा नं ६ अन्तर्गत सालिमर्याङ खोला देखि कृषि क्याम्पस गेट सम्मको मोटरबाटो स्तरोन्नतिको कार्य सम्पन्न भईसकेकोमा उक्त योजना कार्यान्वयन गर्दा बचत हुन गएको बजेटलाई सोही सडक खण्डको नाला सफाई गर्ने कार्यका लागि विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ९ सामाजिक परिचालक श्री मनहरी सोतीको सेवा निरन्तरता

श्री जिल्ला समन्वय समितिको कार्यालय, लमजुङको च.नं. १२५० मिति २०७४/१०/०८ को पत्र अनुसार सुन्दरबजार नगरपालिकामा कामकाज गर्ने गरी खटाईएका अस्थायी सेवामा कार्यरत सहायक स्तर पाँचौ तहका सामाजिक परिचालक श्री मनहरी

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

सोतीको सम्बन्धमा निज मिति २०७५ श्रावण १ गते देखि यस नगरपालिकाबाट तलब, भत्ता, सेवा सुविधा पाउने गरी सेवारत रहेकामा यस नगरपालिकामा निजको सेवालाई २०७५ श्रावण १ गते देखि २०७६ असार मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं. १० वडाहरुमा एकीकृत सम्पति कर सफ्टवयर निर्माण संचालन

सुन्दरबजार नगरपालिकाबाट प्रबाह हुने विविध सेवालाई सरल र सुलभ बनाउने उद्देश्यले यस नगरपालिकाका बिभिन्न वडा कार्यालयहरुबाट कम्प्युटर प्रणाली मार्फत सम्पति कर संकलन गर्ने प्रयोजनका लागि वडास्तमा एकीकृत सम्पत्ति कर सफ्टवेयर प्रणाली जडान गर्ने निर्णय गरियो। यसका लागि नगरपालिकामा हाल संचालन भैरहेको प्रणालीलाई नै वडाहरुमा विस्तार गर्ने निर्णय गरियो।

निर्णय नं. ११ ब्रम्हकुमारी ईश्वरीय विश्व विद्यालय, भोटेवडारको जग्गा प्राप्तिका लागि सिफारिस सम्बन्धमा

श्री ब्रम्हकुमारी ईश्वरीय विश्व विद्यालय, भोटेवडार, लमजुङको भवन निर्माणका लागि विश्व विद्यालयको नाममा रहेको कि.न. ३३६३ क्षेत्रफल ०-४-०-० जग्गा अपर्याप्त भएको र सो जग्गासँगै लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. ३ बस्ने श्री सोनी पौडेलको नाममा रहेको जग्गा कि.न. ३३६४ क्षेत्रफल ०-४-०-० बाट ०-१-०-० जग्गा श्री सोनी पौडेलले विश्व विद्यालयलाई उपलब्ध गराईदिन मञ्जुर भएको हुँदा कित्ताकाट गरी विश्व विद्यालयको स्वामित्वमा जग्गा कायम गर्न सके भवन निर्माणमा व्यबहारिक रुपमा सहजता हुने व्यहोरा दर्शाई सम्बन्धित निकायमा आवश्यक सिफारिसका लागि श्री ब्रम्हकुमारी ईश्वरीय विश्व विद्यालय, भोटेवडारले अनुरोध गरेकोमा उपरोक्त बमोजिम सोनी पौडेलको स्वामित्वमा रहेको कि.न. ३३६४ क्षेत्रफल ०-४-०-० बाट ०-१-०-० जग्गा श्री ब्रम्हकुमारी ईश्वरीय विश्व विद्यालय, भोटेवडार, लमजुङको स्वामित्वमा कायम हुने गरी कित्ताकाट गरिदिने व्यवस्था हुन श्री नापी कार्यालय लमजुङ र श्री मालपोत कार्यालय, लमजुङ समक्ष अनुरोध गर्ने निर्णय गरियो।

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत